राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

**घटना दर्ता सम्बन्धी बारम्बार सोधिएको प्रश्नहरुः**

**१. व्यक्तिगत घटना दर्ता के हो र किन अनिवार्य दर्ता गराउनु पर्छ ?**

व्यक्तिगत घटना दर्ता भन्नाले प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता व्यक्तिगत घटना घटेको वा सम्बन्धित व्यक्तिको स्थायी ठेगाना रहेको वडा कार्यालयमा दर्ता गर्ने कार्य हो।

व्यक्तिगत घटना दर्ता गर्न पाउनु प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार हो । यो व्यक्ति पहिचानको पहिलो आधार भएकाले सरकारले अनिवार्य गरेको हुँदा व्यक्तिगत घटना दर्ता गराउनु नागरिकको कर्तब्य हो। घटना घटेको ३५ दिनभित्र निः शूल्क रुपमा दर्ता गर्न सकिन्छ। यसबाट राज्यको कूल जनसंख्याको अद्यावधिक र जनसांख्यिक वितरणको अवस्था र तथ्याङ्कको जानकारी सही रुपमा प्राप्त गर्न सकिन्छ।

**२. घटना दर्ता गर्न कसलाई सूचक राख्न सकिन्छ ?**

जन्म, मृत्यु र बसाई सराईजस्ता घटना दर्ता गर्न परिवारको १८ वर्ष उमेर पुगेको सदस्य सूचक रहन सक्छन्। विवाह दर्ता गर्न पति र पत्नी दुवै आवश्यक पर्दछ भने सम्बन्ध विच्छेद दर्ताको हकमा पति वा पत्नी मध्ये एक सूचक रहन सक्छन्, जसमा अदालतको फैसला संलग्न गर्नु पर्दछ।

**३. व्यक्तिगत घटना दर्ताको अभिलेख नभएमा कसरी नक्कल दिन सकिन्छ ?**

व्यक्तिगत घटना दर्ताको अभिलेख वडा कार्यालयमा नभएको अवस्थामा उक्त घटना दर्ताको सूचना फाराम वा प्रमाणपत्रको प्रतिलिपि अन्यत्र कुनै निकायमा रहेमा सो को आधारमा अभिलेख तयार गर्न सकिन्छ वा नियमावलीको नियम २१ को उपनियम ४ को प्रावधान बमोजिम प्रतिलिपि खडा गर्न सकिने व्यवस्था रहेको छ।

**४. व्यक्तिगत घटना कहाँ र कहिले दर्ता गराउनु पर्दछ ?**

व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको वडा कार्यालयमा वा घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र निःशूल्क र त्यसपछि बिलम्ब शूल्क रु २००/- सहित दर्ता गराउन सकिन्छ।

यदि घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा दर्ता गर्नुपर्ने भएमा व्यक्तिको स्थायी ठेगानामा दर्ता नभएको व्यहोरा यकिन गर्नु पर्छ।

**५.जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ जारी हुनु भन्दा अघि घटेका घटना दर्ता गराउन सकिन्छ कि सकिदैन ?**

जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ जारी हुनु भन्दा अघि घटेका घटना तथा सम्बन्धित जिल्लामा घटना दर्ता लागू हुनु भन्दा अघिको घटना दर्ता गरी प्रमाण पत्र जारी गर्न मिल्दैन। यस्ता घटनाको हकमा व्यक्तिले सम्बन्धित वडाको वडाध्यक्षबाट घटना प्रमाणित गराउन सक्दछन्। यस्तो प्रमाणित कागजात घटना दर्ता प्रमाणपत्र सरह जुनसुकै प्रयोजनार्थ पेश गर्न सकिन्छ।

**६. व्यक्तिगत घटना दर्ता गर्न सूचकको नागरिकता किन आवश्यक पर्दछ ?**

व्यक्तिगत घटनाको सूचना दिने व्यक्ति कानून बमोजिम सक्षम र जिम्मेवार हुनुपर्ने भएकाले सूचकको स्पष्ट परिचय, उमेर र प्रमाणका रुपमा नागरिकता आवश्यक पर्दछ।

**७. व्यक्तिगत घटना दर्ताको प्रतिलिपि माग गरेमा कसरी प्रदान गर्न सकिन्छ ?**

सम्बन्धित व्यक्तिले निवेदन दिई व्यक्तिगत घटनाको प्रतिलिपि माग गरेमा वडा कार्यालयमा रहेको अभिलेखको रुजु गरी सोही आधारमा स्थानीय पञ्जिकाधिकारीले प्रतिलिपि जारी गर्न सकिन्छ।

**८. व्यक्तिगत घटना दर्ता गराउन स्थानीय तह वडा कार्यालयको दायित्व के के रहन्छन् ?**

सबै प्रकारका व्यक्तिगत घटना दर्ता गराउँदा व्यक्तिलाई सूचना फाराम भर्न लगाउने, आवश्यक कागजपत्र माग गरी रुजु गर्ने, नियमानुसार घटना दर्ता गर्ने, अभिलेख राख्ने तथा प्रमाणपत्र जारी गर्ने दायित्व सम्बन्धित वडाको हुन्छ।

त्यसैगरी घटना दर्ताको महत्व, प्रक्रिया र विलम्ब शुल्कबारे नागरिकलाई सुसूचित गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ ।

**९. व्यक्तिगत घटना दर्ता गर्ने व्यक्तिको कर्तव्य के के रहन्छन् ?**

व्यक्तिगत घटना दर्ता गर्ने व्यक्ति वा सूचकले सूचना फाराममा दिईएको विवरण सही रुपमा भर्ने, आवश्यक कागजपत्रको सक्कल तथा प्रतिलिपि बुझाउने, विलम्ब शूल्कबाट बच्न ३५ दिनभित्रै घटना दर्ता गराउने र प्राप्त प्रमाणपत्रमा भएका विवरण सही रुपमा जाँच गरेर मात्र प्रमाणपत्र बुझ्ने सम्बन्धित व्यक्तिको कर्तव्य अन्तर्गत पर्दछन् ।

१०. झुटा विवरण पेश गरी व्यक्तिगत घटना दर्ता गरेमा के हुन्छ?

कुनै पनि व्यक्तिले झुटा विवरण पेश गरी दर्ताको प्रमाणपत्र लिएको पाईएमा वा प्रमाणित भएमा स्थानीय अधिकारी (प्रमुख जिल्ला अधिकारी) बाट ऐनको दफा २४ बमोजिम त्यस्तो घटना दर्ताको प्रमाणपत्र तत्काल रद्द गरी त्यसको जानकारी सम्बन्धित वडालाई दिनुपर्छ र झुटा विवरण दिने सूचक र सिफारिस गर्ने व्यक्तिलाई कानून बमोजिम कारवाही हुने व्यवस्था छ।

क जन्म दर्ता

११. जन्म दर्ता गर्न आवश्यक कागजपत्रहरु के के हुन् ?

व्यक्तिको जन्मदर्ता गर्न देहाए बमोजिमका कागजपत्र आवश्यक पर्दछ ।

- आमा र बाबुको नागरिकताको प्रतिलिपि,
- स्वास्थ्य संस्थामा जन्म भएको भए उक्त संस्थाबाट उपलब्ध गराएको जन्म प्रमाणित कागज वा खोप कार्ड
- घरमा जन्म भएको हकमा खोप लगाएको कार्ड
- थप बुझ्नु परेमा वडा सर्जिमिन मुचुल्का तथा प्रहरी प्रतिवेदन (आवश्यक परेमा)

१२. जन्म दर्ताको सूचक को को हुन सक्छन् ?

आमा वा बाबु वा निजको अनुपस्थितीमा परिवारको १८ वर्ष उमेर पुगेको सदस्य सूचक रहन सक्नेछन् ।

१३. आमा विदेशी भएको हकमा जन्म दर्ता कसरी गर्न सकिन्छ ?

बच्चाको आमा विदेशी भएमा विदेशी भएको प्रमाणसहित उसको बाबुको नेपाली नागरिकताको आधारमा बाबु सूचक रहेर जन्म दर्ता गराउन सकिन्छ । यदि आमाको विवाह दर्ता भएको वा नागरिकता भएमा सोही अनुरुप आमा सूचक रहेर जन्म दर्ता गराउने प्रावधान समेत रहेको छ ।

१४. बच्चाको बुबाको ठेगाना पत्ता नलागेमा जन्म दर्ता कसरी गर्ने ?

बच्चाको बाबुको ठेगाना पत्ता नलागेमा र अत्तोपत्तो नभएमा, बाबु वेपत्ता भएको भन्ने आधिकारिक निकायबाट जारी भएको प्रमाणका आधारमा आमाको थर ठेगाना राखेर आमाको स्थाई ठेगानामा जन्म दर्ता गराउन सकिन्छ ।

१५. बाल विवाह वा बहुविवाहबाट बच्चा जन्मिएमा जन्म दर्ता कसरी गर्न सकिन्छ ?

मुलुकी देवानी संहिता, २०७४ तथा ऐनको दफा २१ बमोजिम बाल विवाह र वहु विवाह दर्ता नहुने प्रावधान रहेको छ ।तर बाल विवाह र वहु विवाहको परिणामबाट बच्चा जन्मिसकेको अवस्थामा आमा र बाबु दुवैको उपस्थितिमा बाबु सूचक भएर जन्म दर्ता गराउन सकिन्छ ।

१६. अनाथ वा असहाय बालबालिकाको जन्म दर्ता कसरी गर्न सकिन्छ ?

अनाथ तथा असहाय बालबालिकाको हकमा नियमावलीको नियम १६ बमोजिम संरक्षक वा माथवर वा त्यस्तो व्यक्ति नभएमा स्थानीय तहको वडाध्यक्ष सूचक बनेर जन्म दर्ता गर्न सकिन्छ ।

१७. धर्मपुत्र वा धर्मपुत्रीको जन्म दर्ता कसरी गर्न सकिन्छ ?

पति वा पत्नी वा दुवैको तर्फबाट धर्मपुत्र वा धर्मपुत्री राखिएकोमा दुवै जना सूचक रही जन्म दर्ता गराउनु पर्दछ ।

१८. विदेशमा जन्मिएको बच्चाको जन्म दर्ता कसरी गर्न सकिन्छ?

विदेशमा बच्चा जन्मिएमा सम्बन्धित देशमा रहेको नेपाली दुतावासबाट उक्त बच्चा जन्मिएको प्रमाण प्रमाणित गरी नेपाल आएको ३५ दिनभित्र आफ्नो स्थायी ठेगाना रहेको स्थानीय वडामा गई दर्ता गराउन सकिन्छ ।

१९. कारागारमा जन्मिएको बच्चाको जन्म दर्ता कसरी गर्न सकिन्छ र कस्ता कागजात आवश्यक पर्दछन् ?

कारागारमा बच्चा जन्मिएमा सम्बन्धित कारागार प्रमुखले सूचना फाराम प्रमाणित गरी सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा पठाई सो वडा कार्यालयबाट जन्म दर्ता गराउन सकिन्छ ।

## ख. विवाह दर्ता

२०. विवाह दर्ता भनेको के हो ?

प्रचलित कानुन बमोजिम २० वर्ष उमेर पूरा भई वैवाहिक सम्वन्ध कायम भएका पुरुष र महिलाले स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा पति पत्नीको रुपमा स्वीकार गरी गरिएको घटना दर्तालाई विवाह दर्ता भन्ने बुझिन्छ ।

२१. विवाह दर्ता गर्न आवश्यक कागजपत्रहरु के के हुन् ?

स्थानीय वडामा विवाह दर्ता गराउँदा देहाए बमोजिमका कागजपत्र आवश्यक पर्दछन्:-

- दुलाहा दुलहीको नागरिकता प्रमाणपत्रको प्रतिलिपि वा राष्ट्रियता खुल्ने कागज ।
- दुलाहा वा दुलही दुवैको हालै खिचेको अटो साईजको फोटो ।

यदि अदालतबाट नाता कायम भएको अवस्थामा वा दुलाहा वा दुलहीमध्ये कुनै एक नभएमा अदालतबाट भएको नाता कायमको कागज पेश गर्नुपर्दछ ।

२२. विवाह दर्ताको सूचक को को हुन्छन् ?

विवाह दर्ता गर्न पति र पत्नी दुवै सूचक हुनुपर्छ ।यदि दुई मध्ये कुनै एक उपस्थित हुन नसकेमा अनुपस्थित भएको पक्षको अधिकृत वारेसनामा लिई दर्ता गराउन सकिनेछ ।

२३. विवाह दर्ता नभई पति वा पत्नी वेपत्ता भएमा कसरी विवाह दर्ता गर्न सकिन्छ ?

विवाह दर्ता नभई पति वा पत्नी बेपत्ता भएमा अदालतबाट पति पत्नी नाता कायम भएका निर्णयका आधारमा विवाह दर्ता गराउन सकिन्छ ।

२४. पति वा पत्नीले विवाह दर्ता गर्न ईन्कार गरेमा कसरी दर्ता गर्न सकिन्छ ?

कसैले विवाह दर्ता गर्न ईन्कार गरेमा, पति वा पत्नी मध्ये पीडितले जिल्ला अदालतमा उपस्थित भई पति वा पत्नीको नाता कायम गरी पाँऊ भनि निवेदन दिनुपर्नेछ। सो निवेदनको आधारमा अदालतले गरेको निर्णय अनुसार विवाह दर्ता गर्न सकिन्छ ।

२५. विवाह दर्ता गर्नु पूर्व पति वा पत्नीको मृत्यु भएमा के गर्न सकिन्छ ?

विवाह दर्ता गर्नु पूर्व पति वा पत्नीको मृत्यु भएमा विवाह प्रमाणित गरी पति पत्नीको नाता कायम गराउनु पर्दछ । मृत्यु भैसकेको हकमा विवाह दर्ता प्रमाण पत्र जारी गर्न मिल्दैन ।

२६. बाल विवाह वा बहु विवाह दर्ता गर्न किन हुदैन ?

मुलुकी देवानी संहिता २०७४ अनुसार मिति २०७५ भाद्र १ गतेपछिको बाल विवाह र बहु विवाह कानुनतः स्वत बदर हुने हुँदा विवाह दर्ता गर्न मिल्दैन । बाल विवाह गरेका केटा केटी दुवै को उमेर २० वर्ष पूरा भएपछि विवाह मञ्जुर गरी आएमा विवाह दर्ता गर्न सकिन्छ ।

तर मिति २०७५ भाद्र १ गते भन्दा अगाडीको बाल विवाह र बहु विवाहको हकमा त्यस्तो व्यहोरा प्रमाणित भएमा दर्ता गर्न मिल्छ ।

२७. नेपाली नागरिकले विदेशी नागरिकसँग विवाह गरेमा कसरी विवाह दर्ता गर्न सकिन्छ ?

नेपाली नागरिकको विदेशी नागरिकसँग भएको विवाह दर्ता गर्नु परेमा प्रचलित कानुन बमोजिम दर्ताद्धारा विवाह गरेको प्रमाण हेरी पति पत्नी दुवै सम्बन्धित स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गएर विवाह दर्ता गर्न सकिनेछ ।

ग. बसाई सराई दर्ता

२८. बसाई सराई दर्ता गर्न आवश्यक कागजपत्रहरु के के हुन् ?

बसाई सराई गरेर जाँदा वा आँउदा आवश्यक पर्ने कागजात देहाए अनुसार छन् ।

जाँदाः-

- सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्ष भन्दा माथिको सदस्यको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र
- लगत हस्तान्तरण फाराम ।

बसाई सराईको लगत हस्तान्तरण फाराम दिनु पूर्व स्थानीय पञ्जीकाधिकारीले परिवारका सम्पूर्ण सदस्यको हालसम्मको सबै खाले घटना दर्ता गराउनु पर्दछ ।

आँउदाः-

- घरमुली वा सूचकको नागरिकता
- लगत हस्तान्तरण फाराम

२९. बसाई सराई दर्ताको सूचक को को हुन्छन् ?

बसाई सराई गरेर जाँदा वा आँउदा परिवार सबै भए घरमूली र एकल भए सम्बन्धित व्यक्ति सूचकको रुपमा रहन सक्दछन् । यस्ता सूचकले सम्बन्धित वडामा गई आफ्नो विवरण सही रुपमा दिनुपर्दछ । नावालक बाहेक एउटा व्यक्तिको सूचक अन्य व्यक्ति हुन मिल्दैन। आफ्नो सूचक स्वयं व्यक्ति हुनुपर्छ।

३०. बसाई सराई दर्ता नगरी बेवास्ता गरेमा के हुन्छ ?

बसाई सराई दर्ता नगरे राज्यबाट प्रदान गर्ने सेवा सुविधाबाट बञ्चित हुन सकिन्छ ।

**३१.परिवारमा १८ वर्ष उमेर पुगेको एकजना सदस्यको मात्र बसाई सराई गर्न मिल्छ /मिल्दैन ?**

परिवारको कुनै एक सदस्यले मात्र बसाई सराई गर्न मिल्छ तर सो व्यक्तिसगँ सम्बन्धित सबै घटना अनिवार्य दर्ता भएको हुनुपर्नेछ र स्वयं व्यक्ति सूचक हुनुपर्छ।

**३२. बसाई सराई गरेको कति समयमा दर्ता गराउनु पर्दछ ?**

बसाई सराई गरी गएको र आएको जुन अवस्थामा पनि सम्बन्धित वडा कार्यालयमा ३५ दिन भित्र निः शूल्क दर्ता गराउन सकिन्छ र त्यसपछिको समयमा दर्ता गराए विलम्ब शुल्क रु. २००।— लाग्दछ ।

## घ. सम्बन्ध विच्छेद दर्ता

**३३. सम्बन्ध विच्छेद दर्ता गर्न के कस्ता कागजपत्र आवश्यक पर्दछन् ?**

सम्बन्ध विच्छेद दर्ता गराउन देहाए बमोजिमका कागजपत्र आवश्यक पर्दछन् ।

- सूचकको सहिछाप सहितको सूचना फाराम,
- सूचकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- अदालतबाट सम्बन्ध विच्छेद भएको फैसलाको प्रतिलिपि,

विदेशस्थित अदालतबाट भएको फैसलाको हकमा सम्बन्धित कुटनीतिक नियोगबाट प्रमाणित भएको अंग्रेजी भाषाको अनुवादलाई नोटरी पब्लिक वा कन्सुलरबाट प्रमाणीकरण गरेको सक्कल प्रति ।

**३४. सम्बन्ध विच्छेद दर्ताको सूचक को को हुन्छन् ?**

सम्बन्ध विच्छेदको सूचकका रुपमा पति वा पत्नी मध्ये कुनै एक हुन सक्छन्।

**३५. सम्बन्ध विच्छेद गरी आमासँग रहेका बच्चाको जन्म दर्ता गर्दा आमाको स्थायी ठेगाना राख्न मिल्छ या मिल्दैन ?**

सम्बन्ध विच्छेद भई आमासँग रहेको बच्चाको जन्म दर्ता आमाको स्थायी ठेगानामा गर्न मिल्छ तर त्यसका निम्ति बाबुको स्थायी ठेगानामा जन्म दर्ता नभएको एकिन गर्नुपर्न्छ ।

३६. पत्नी रहेको स्थायी ठेगानामा सम्बन्ध विच्छेद दर्ता गर्न मिल्छ वा मिल्दैन ?

सम्बन्ध विच्छेद पश्चात पत्नी रहेको स्थायी ठेगानामा दर्ता गर्न मिल्दछ तर पति तर्फको स्थायी ठेगाना रहेको पञ्जिकाधिकारी कार्यालयमा सम्बन्ध विच्छेद दर्ता नभएको एकिन गर्नुपर्दछ।

## ङ मृत्यु दर्ता

### ३७. मृत्यु दर्ता गर्न आवश्यक कागजपत्रहरु के के हुन् ?

कुनैपनि व्यक्तिको मृत्यु दर्ता गर्न देहाए बमोजिमको कागजपत्र आवश्यक पर्दछ ।

- मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ताको प्रतिलिपि
- सूचकको सहिछाप सहितको सूचना फाराम,
- सूचकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरिरहेको प्रमाण र सम्बन्धित मुलुकको नेपालस्थित कुटनीतिक नियोगको सिफारिस
- स्वास्थ्य संस्थामा मृत्यु भएमा त्यस संस्थाको मृत्यु प्रतिवेदन वा प्रमाण आवश्यक पर्दछ ।

### ३८.मृत्यु दर्ताको सूचक को को हुन सक्छन ?

मृत्यु दर्ताको सूचकका रुपमा मृतकका बाबु वा आमा, पति वा पत्नी वा छोरा वा छोरी रहन सक्दछन् ।उल्लेखित सूचक नभएको प्रमाणित भएमा परिवारको १८ वर्ष उमेर पुगेको अन्य सदस्य सूचक रहन सक्छन् ।

### ३९. मृत्यु दर्ता किन गर्नु आवश्यक छ ?

घटना दर्ता अद्यावधिक गराउन, व्यक्तिको मृत्यु भएको प्रमाण कानुन र प्रशासनिक प्रयोजनका निम्ति पेश गर्न, चल अचल सम्पत्तिको हक वा अधिकार हस्तान्तरण गर्नका निम्ति मृत्यु दर्ता गराउनु आवश्यक रहन्छ ।

त्यसैगरी विधवाको हकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न तथा राज्यबाट प्रदान गरिने अन्य सेवा सुविधा प्राप्त गर्न मृत्यु दर्ता गर्नुपर्दछ ।

४०. नेपाली नागरिकको विदेशमा मृत्यु भएमा कसरी मृत्यु दर्ता गर्न सकिन्छ ?

विदेशमा मृत्यु भएका नागरिकको हकमा सम्बन्धित मुलुकस्थित नेपाली नियोगबाट प्रमाणित कागजपत्र साथै आवश्यक भएमा सर्जमिन मुचुल्का वा अन्य आधिकारिक कागजात सहितको प्रमाणको आधारमा सूचकले पेश गरे अनुसार मृत्युदर्ता गर्न सकिने प्रावधान रहेको छ ।

४१.नेपालमा मृत्यु भएको विदेशी नागरिकको मृत्यु दर्ता गराउन मिल्छ वा मिल्दैन ?

विदेशी नागरिकको नेपालमा मृत्यु भएमा ऐनको दफा १९ अनुरूप दर्ता गर्न मिल्दछ । यसका निम्ति देहाएका कागजातको आवश्यकता पर्दछ ।

- मृतकको राष्ट्रियता खुल्ने कागजात,
- प्रहरीको प्रतिवेदन,
- अस्पतालमा मृत्यु भए सो को प्रतिवेदन,
- नेपालस्थित सम्बन्धित विदेशी नियोगको प्रमाणित कागजात वा सिफारिस पेश गर्नुपर्दछ ।

४२. वेपत्ता भएका नागरिकको मृत्यु दर्ता गर्न हुन्छ वा हुदैन?

कोही नागरिक वेपत्ता भएमा मुलुकी देवानी संहिता २०७४ को दफा ४० बमोजिमको न्यायिक मृत्यु घोषणाको प्रमाण पेश गरेपछि मृत्यु दर्ता गर्न सकिन्छ ।

**नोटः** व्यक्तिगत घटना दर्ताको विषयमा थप जानकारी आवश्यक भएमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा नियमावली, २०७७ अध्ययन गर्न अनुरोध गर्दछौं ।

व्यक्तिगत घटना सम्बन्धी थप जानकारी आवश्यक भएमाः
राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग
सिहंदरबार, काठमाडौ
सम्पर्क फोन नं ०१४२०००१६, टोल फ्रि नं १६६० ०१ ९६६६६
email: vital@donidcr.gov.np
website: www.donidcr.gov.np